






## पृष्ठभूमि

मकवानपुर जिल्लाका मानिसहरु नेपालको अन्य जिल्लाहरुमा जस्तै क्षयरोगको उच्च जोखिममा बाँचिरहेका छन् । यसरी उनीहरुले क्षयरोगका कारण भोगिरहेका दुःख–कष्टहरु अन्त्य गर्नका लागि हामीले क्षयरोगका हरेक बिरामी पत्ता लगाई, उनीहरुको पूर्ण उपचार गर्न जरुरी छ । क्षयरोगको छिटो तथा सही पहिचान भएमा रोगको गम्भीरता कम हुनुका साथै प्रभावित परिवारमा आर्थिक बोझ पनि कम पर्दछ । यसले गर्दा दीर्घकालीन स्वास्थ्य समस्याहरु र समुदायमा रोगको संक्रमणलाई रोकथाम गर्न सकिन्छ ।

यसै सर्न्दभमा बिराट नेपाल मेडिकल ट्रष्टले विभिन्न अर्न्तराष्ट्रिय संस्थाहरुसँग साझेदारी गरेर समुदायमा रहेका क्षयरोग प्रभावित व्यक्तिहरुलाई सक्रिय रुपमा पत्ता लगाउने विधि (सक्रिय खोजपड्ताल कार्यक्रम–ACF) बारे अध्ययन गरिरहेको छ । यस प्रयासबाट हामी प्रत्येक क्षयरोग बिरामीहरुकहाँ चाँडै पुगी राष्ट्रिय क्षयरोग कार्यक्रमद्वारा उनीहरुको प्रभावकारी रुपमा उपचार हुने सुनिश्चित गर्न सक्दछौँ । सक्रिय खोजपड्ताल कार्यक्रम भनेको क्षयरोगको पहिचान, उपचार तथा रोकथामको लागि अपनाइएको वृहत रणनितिको एक अभिन्न अङ्ग हो ।

यहाँ हामी IMPACT TB परियोजना अर्न्तगत २०१७ जुन देखि २०१९ जुन सम्म दुई बर्ष भित्र गरिएको सक्रिय खोजपड्ताल कार्यक्रम (ACF) बाट प्राप्त नतिजा प्रस्तुत गर्दछौ । साथै भविष्यमा क्षयरोग निराकरण गर्न आवश्यक रणनितिहरुबारे छलफल गर्नेछौँ ।




## समस्याको विवरण

आगामी पुस्ताका लागि क्षयरोग रहित नेपाल निर्माण गर्नका लागि बिरामीको खोजी गर्ने प्रभावकारी विधिहरु सम्बन्धी प्रशस्त प्रमाण जुटाउन आवश्यक छ ।

## मुख्य नतिजाहरु

१. IMPACT TB परियोजना मार्फत चितवन, धनुषा, महोत्तरी तथा मकवानपुर गरी चार जिल्लामा समग्रमा ११९३ नयाँ बिरामीको पहिचान तथा उपचार भयो ।

२. गएको दुई वर्षमा यस परियोजनाबाट मकवानपुरमा मात्र १३२ नयाँ बिरामीको पहिचान भयो ।

३. राष्ट्रिय क्षयरोग कार्यक्रमद्वारा स्थापित नयाँ GeneXpert को मद्दतबाट धेरै नयाँ बिरामी पत्ता लाग्ने सम्भावना रहेको छ ।

४. बिरामीको परिवारको आर्थिक अवस्था तथा खर्चबारे मकवानपुरमै गरिएका अनुसन्धानका परिणाम अनुसार बिरामीहरु उच्च आर्थिक बोझको शिकार हुन पुगेका छन् । २ मध्ये १ क्षयरोगका बिरामीहरुले आफ्नो वार्षिक आम्दानीको २० प्रतिशत भन्दा बढी खर्च बेहोरिरहेका छन् ।

५. मकवानपुरका केही दुर्गम समुदायमा अझै पनि क्षयरोग सम्बन्धित सेवाहरुको पहुँच न्यून छ ।

## प्राथमिक कार्यहरू :

**१.** राष्ट्रिय क्षयरोग prevalence सर्वेक्षणको निष्कर्षमा आधारित भई मकवानपुर जिल्लाका लागि क्षयरोग प्रभावित व्यक्तिहरु पत्ता लगाउन लक्ष्यहरु संसोधन गर्ने ।

**२.** "हरेक विरामी, हरेक ठाउँमा" नारा सहित बिरामी पत्ता लगाई उपचारमा सहयोग गर्ने ।

**३.** Passive Case Finding (PCF) सुदृढीकरणको साथसाथै, दिगो ACF रणनीतिको लागि मानव संसोधनको वृद्धि तथा सुधार गर्ने ।

**४.** स्वास्थ्य कार्यलय, मकवानपुरमा नेपाल सरकार द्वारा नयाँ GeneXpert सेवा स्थापित छ । उचित ढंगमा उपयोग भए यस प्रयासबाट थप नयाँ बिरामीहरुको पहिचान तिव्र रुपमा हुनेछ ।









## कार्यान्वयनका लागि ध्यान दिनु पर्ने कुराहरू

**१.** मकवानपुर जिल्लाका प्रत्येक क्षयरोग बिरामी पत्ता लगाई उपचार गराउन हालका क्षयरोग निदानका सञ्जालहरु अपर्याप्त छन् ।

**२.** कमजोर स्वास्थ्य तथा यतायात पुर्वाधारका कारण धेरै मात्रामा क्षयरोगका बिरामी प्रारम्भिक निदान प्रणालीको पहुँचबाट टाढा छन् ।

**३.** ACF द्वारा Genexpert परिक्षण मार्फत गरिएको क्षयरोगको पहिचानले धेरै संख्यामा विरामीको प्रारम्भिक निदान र उपचार बढाउन मद्दत गर्दछ ।

**४.** मकवानपुर जिल्लामा ACF बिधिलाई बृहत तथा दिगो रुपमा अघि बढाउनु पर्दछ ।

**५.** मकवानपुर जिल्लाका क्षयरोग प्रभावित परिवारहरुमा पर्न सक्ने गम्भीर आर्थिक प्रभावलाई कम गर्न उनीहरुका लागि थप पोषक तत्व र सामाजिक तथा आर्थिक सहयोग आवश्यक छ ।








**IMPACT TB** परियोजनाको उद्देश्य नेपाल तथा भिएत्नामका समुदायहरुमा रहेका क्षयरोग बिरामी पत्ता लगाउनु र उपचार गर्नु हो । यस परियोजनाको लागि आर्थिक सहयोग युरोपियन युनियन बाट प्राप्त छ । www.impacttbproject.org

थप जानकारीका लागि सम्पर्क : म्यक्सिन कज (maxine.caws@bnmt.org.np), रघु धिताल (raghu.dhital@bnmt.org.np) गोविन्द माझी (govind@bnmt.org.np), भोला राई (bhola@bnmt.org.np)